REGIONAL NEWS UNIT

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS BULLETIN

BROADCAST: 19:25hrs Date: 16.05.2026

---

## *CBSE- परिणाम सुविधाहरू*

केन्द्रीय माध्यमिक शिक्षा बोर्डले कक्षा 12 का विद्यार्थीहरूको लागि नतिजा घोषणा पछिको सुविधाहरूको रूपरेखा सहितको सूचना जारी गरेको छ, जसले निष्पक्ष र पारदर्शी मूल्याङ्कन प्रक्रियाप्रति आफ्नो प्रतिबद्धतालाई पुनः पुष्टि गर्दछ। सूचनामा, बोर्डले भन्यो, आफ्नो नतिजासँग असन्तुष्ट विद्यार्थीहरूले दुई चरण समीक्षा प्रणाली प्राप्त गर्न सक्छन्। पहिलो चरणमा, विद्यार्थीहरूले आफ्नो मूल्याङ्कन गरिएका उत्तरपुस्तिकाहरूको स्क्यान गरिएका प्रतिलिपिहरूको लागि अनलाइन आवेदन दिन सक्छन्, जुन समीक्षाको लागि डाउनलोड गर्न सकिन्छ। दोस्रो चरणमा, विद्यार्थीहरूले विसंगतिहरूको सत्यापनका लागि आवेदन गर्न सक्छन वा अंकन योजनाको आधारमा विशिष्ट उत्तरहरूको पुनर्मूल्याङ्कन अनुरोध गर्न सक्छन्। CBSE ले भन्यो कि स्क्यान गरिएका प्रतिलिपिहरूको लागि आवेदनहरू यस महिनाको 19 देखि 22 तारिखसम्म प्रति विषय 700 रुपैयाँ शुल्कमा अनलाइन पेश गर्न सकिन्छ भने प्रमाणीकरण र पुनर्मूल्याङ्कनको लागि आवेदनहरू यस महिनाको 26 देखि 29 तारिखसम्म पेश गर्न सकिन्छ ।

---

## *NEET पुन: परीक्षा सीमा*

राष्ट्रिय परीक्षण एजेन्सीले स्नातक चिकित्सा शिक्षामा प्रवेशको लागि NEET-UG 2026 को पुनः परीक्षा 21 जूनमा हुने घोषणा गरेको छ। सामाजिक सञ्जालमा पोस्ट गर्दै, एजेन्सीले

उम्मेदवार र अभिभावकहरूलाई प्रामाणिक जानकारीको लागि NTA को आधिकारिक सञ्चार माध्यमहरूमा मात्र भर पर्न आग्रह गरेको छ।

---

*[प्रज्ञानन्द - चेस]()*

भारतीय ग्रान्डमास्टर आर प्रग्नानंदले बुखारेस्टमा आयोजित सुपरबेट चेस क्लासिक रोमानिया 2026 को दोस्रो चरणमा उज्बेक खिलाड़ी जावोखिर सिन्दरोभलाई पराजित गर्दै आफ्नो पहिलो जित दर्ता गरेका छन्।

---

*CBI NEET पक्राउ*

केन्द्रीय अनुसन्धान ब्यूरो (CBI) ले आज NEET-UG 2026 को पेपर लीक प्रकरणमा जीवविज्ञान प्रश्नहरू लीक मामिलामा एक मास्टरमाइन्डलाई पक्राउ गरेको छ। आरोपी मनिषा गुरुनाथ मन्धारे महाराष्ट्रको पुणेकी एक वरिष्ठ वनस्पति विज्ञान शिक्षिका हुन्। CBI ले भन्यो कि उनी NEET UG 2026 परीक्षा प्रक्रियामा शामेल थिइन् र राष्ट्रिय परीक्षण एजेन्सीले उनलाई विशेषज्ञको रूपमा नियुक्त गरेको थियो। अनुसन्धान एजेन्सीले भन्यो कि आरोपीको वनस्पति विज्ञान र प्राणीशास्त्र प्रश्नपत्रहरूमा पूर्ण पहुँच थियो। मुद्दामा हालसम्म नौ जना अभियुक्तहरूलाई दिल्ली, जयपुर, गुरुग्राम, नासिक, पुणे र अहिल्या नगरबाट पक्राउ गरिएको छ। यस

पछिल्लो 24 घण्टामा, CBIले देशभरका छ स्थानमा खोजी कार्य गरेको छ र धेरै आपराधिक कागजात, ल्यापटपहरू, बैंक स्टेटमेन्टहरू र मोबाइल फोनहरू जफत गरेको छ।

---

*त्रिपुरा-मुख्यमन्त्री*

त्रिपुराका मुख्यमन्त्री माणिक साहाले आज पूर्वाधार विकाससँगै आधुनिक प्रविधिमार्फत जलस्रोतको वैज्ञानिक र उचित उपयोगको आवश्यकतामा जोड दिनुभयो। डा. साहाले अगरतलाको कुंजबन स्थित विश्वेश्वरैया परिसरमा जलस्रोत विभागद्वारा स्थापित राज्यस्तरीय डाटा सेन्टरको उद्घाटन गरेपछि उक्त टिप्पणी गर्नुभयो। उहाँले भन्नुभयो केन्द्रले राज्यमा भूजलको अवस्थाको अनुगमन गर्न र उपलब्ध स्रोतहरूको उचित व्यवस्थापनमा मद्दत गर्नेछ।

थप नवीनताको आशा व्यक्त गर्दै, मुख्यमन्त्रीले जनशक्तिको अभावलाई सम्बोधन गर्न प्रयास भइरहेको र सामूहिक पहलले "नयाँ त्रिपुरा" निर्माण गर्न मद्दत गर्ने कुरामा जोड दिनुभयो ।

---

*__सिक्किम राज्य स्थापना दिवस__*

राष्ट्रपति द्रौपदी मुर्मुले आज सिक्किम राज्य स्थापना दिवसको अवसरमा सिक्किमका जनतालाई शुभकामना दिनु भएको छ । सामाजिक सञ्जालमा एक पोस्टमा राष्ट्रपतिले सिक्किमको भव्य प्राकृतिक सौन्दर्य, समृद्ध सांस्कृतिक सम्पदा र वातावरण संरक्षणप्रतिको दृढ प्रतिबद्धताले यसलाई राष्ट्रको लागि दिगो विकासको मोडेल बनाउँछ, भन्नुभयो । उहाँले राज्य र यसका जनताको निरन्तर समृद्धि र प्रगतिको कामना गर्नुभयो।

प्रधानमन्त्री नरेन्द्र मोदीले पनि सिक्किमका जनतालाई राज्य स्थापना दिवसको शुभकामना व्यक्त गर्नुभएको छ। सामाजिक सञ्जालमा पोस्ट

गर्दै श्री मोदीले, भारतको विकासमा सिक्किमको योगदानको गहिरो कदर गरिएको छ, भन्नुभयो । सिक्किमको आफ्नो हालैको भ्रमणलाई सम्झंदै प्रधानमन्त्रीले सिक्किमका जनताबाट प्राप्त न्यानोपन र स्नेह सधैं अविस्मरणीय रहने भन्नुभयो। श्री मोदीले राज्यका जनताको सुस्वास्थ्य, खुशी र समृद्धिको कामना गर्नुभयो। केन्द्रीय गृहमन्त्री अमित शाहले सिक्किमका जनतालाई राज्य स्थापना दिवसको शुभकामना दिनुभएको छ। सामाजिक सञ्जालमा एक पोस्टमा, श्री शाहले राज्यको निरन्तर गौरव र नयाँ उचाइमा पुग्न ठूलो सफलताको कामना गर्नुभयो।

---

*__पीएम - नेदरल्याण्ड__*

प्रधानमन्त्री नरेन्द्र मोदीले आज भन्नुभयो, भारत र नेदरल्याण्ड्सले विश्वव्यापी अवरोधहरूलाई सम्बोधन गर्न एक विश्वसनीय, पारदर्शी र भविष्यका लागि तयार आपूर्ति श्रृंखला निर्माण गर्न मिलेर काम गरिरहेका छन्। आफ्नो पाँच-राष्ट्र भ्रमणको एक भागको रूपमा नेदरल्याण्ड्सको हेगमा आयोजित सामुदायिक कार्यक्रमलाई सम्बोधन गर्दै, प्रधानमन्त्री मोदीले, विश्वले कोभिड-

19 महामारी, चलिरहेको द्वन्द्व र उदीयमान ऊर्जा संकट लगायत अभूतपूर्व चुनौतीहरूको श्रृंखलाको सामना गरिरहेको छ भन्नुभयो।

उहाँले चेतावनी दिंदै भन्नुभयो यी चुनौतीहरूलाई सम्बोधन गर्न असफल भएमा विश्वव्यापी विकास लाभहरुलाई द्रुत रूपमा उल्टाउन सक्छ र जनसंख्याको ठूलो भागलाई गरिबीमा धकेल्न सक्छ।

आर्थिक लचिलोपनलाई बलियो बनाउन विश्वव्यापी प्रयासहरूलाई रेखांकित गर्दै, प्रधानमन्त्रीले भन्नुभयो, भारत र नेदरल्याण्ड्स संयुक्त रूपमा बलियो आपूर्ति श्रृंखला निर्माणमा ध्यान केन्द्रित गरिरहेका छन्।

श्री मोदीले भारतको बढ्दो विश्वव्यापी भूमिकामा पनि जोड दिँदै, देशलाई 21 औं शताब्दीमा अवसरहरूको भूमिको रूपमा वर्णन गर्नुभयो जुन प्रविधि र मानवीय मूल्य- दुवै द्वारा संचालित छ।

पछि, प्रधानमन्त्रीले आफ्नो पाँच राष्ट्र भ्रमणको दोस्रो चरणमा नेदरल्याण्ड्सका राजा विलेम-अलेक्जेन्डर र रानी म्याक्सिमालाई भेट्नुभयो।

---

## ***<u>एशियाली भारोत्तोलन</u>***

गान्धीनगरमा भएको एशियाली भारोत्तोलन च्याम्पियनशिपमा भारतकी संजनाले महिला 77 किलोग्राम तौल वर्गमा तीन कांस्य पदक जितेकी छिन्। सन्जनाले स्न्याचमा 96 किलोग्राम, क्लिन एण्ड जर्कमा 124 किलोग्राम र कुल 220 किलोग्राम भार उठाउँदै जम्मा तीन कांस्य पदक जितिन्।

---

## ***<u>भारत-युरोपेली संघ मुक्त व्यापार</u>***

यस वर्ष जनवरीमा अन्तिम रूप दिइएको भारत-युरोपेली संघ स्वतन्त्र व्यापार सम्झौताले स्वीडेन सहित भारत र युरोपेली देशहरू बीच व्यापार, लगानी र प्रविधि सहयोगका लागि नयाँ बाटो खोल्ने अपेक्षा गरिएको छ। प्रधानमन्त्री नरेन्द्र मोदीको पाँच राष्ट्रको जारी भ्रमणलाई यस

वर्षको सुरुमा भएको ऐतिहासिक सम्झौता पछिको पहिलो प्रमुख उच्च-स्तरीय बैठकको रूपमा हेरिएको छ।

व्यापार सम्झौताबाट उत्पन्न हुने सम्भावनाहरूको बारेमा बोल्दै, स्वीडेनको आर्टिफेक्सका इन्जिनियरिङ र उत्पादन विकास प्रमुख पेर स्टेनफेल्टले भारत र युरोप बीच बलियो औद्योगिक सहकार्य र ठूलो व्यापारिक अवसरहरूको बारेमा आशा व्यक्त गरे। उनले भारतको विनिर्माण र नवाचार उत्पादन इकोसिस्टममा युरोपेली कम्पनीहरूमा बढ्दो विश्वासलाई प्रकाश पारे।

---

*आईपीएल क्रिकेट*

IPL क्रिकेटमा आयोजक कोलकाता नाइट राइडर्सले ईडन गार्डेन्समा गुजरात टाइटन्ससँग मुकाबिला गरि रहेको छ। ले पहिले bowling/batting गरि रहेको छ।

---